# संझना

संझनाका तीर हरु बर्सि रहेछन मुटुमा
बिपना का छायहारु नाचिरहेछन आँखामा
कुन बस्ति को चौबाटो मा उ सुस्ताइ रहेछ
कति बेदना ले पोलेर उ उतै छटपटाइ रहेछ ।

ज्वालामुखि का राप हरु बढि रहेछन छातिमा
आशंका का बादल हरु छाइरहेछन मनमा
कुन बस्तु को तलासमा उ उतै हल्लिरहेछ
केलाइ किन बिर्सन हो उ उतै धरमराइ रहेछ ।

प्यालाका    अमृत हरु अल्झि रहेछन चेतन मा
संझौतका उराठ धूनहरु    गुंजि रहेछन आँगनमा
कुन फूल को रेटाइमा उ सारा लत्याइरहेछ
कतिलाइ बिर्सन हो उ आँफैलाइ बिर्सि रहेछ ।

–कपिल अधिकारी